समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

**खाँदबारी, संखुवासभा, १ नं. प्रदेश, नेपाल।**

## नगरकार्यपालिकाको बैठक

बैठक मितिः २०७९/०९/२९ बैठक संख्याः १७

बैठक प्रारम्भ समयः दिनको २:०० बजे बैठक समापन समयः बजे

**आजको नगरकार्यपालिकाको बैठकको कार्यसूचीका आधारमा देहाय अनुसार निर्णयहरु सर्वसम्मत रुपमा पारित गरेको छ।**

**निर्णयहरु**

१. खाँदबारी नगरपालिकाक्षेत्रभित्र खाँदबारी युथ क्लबले प्रस्ताव गरेको मितिमा प्रचलित कानूनले निषेधित गरेका कृयाकलाप वाहेक आर्थिक गतिविधिमा बढोत्तरी हुनेगरी रमाइलो मेला संचालन गर्ने सम्बन्धमा सरोकारवालाहरुसँगको छलफल र सहमति पश्चात अनुमतिको लागि आवश्यक कारबाही अगाडि बढाउने निर्णय गरियो।

२. हिंसापिडितहरुको लागि अस्थायी बासस्थान तथा संरक्षणका लागि निर्माण भई संचालनमा रहेको सेफ हाउस संचालन तथा व्यवस्थापनका लागि नगरपालिकाले आवश्यक सहयोग गर्ने निर्णय गरियो।

३. मिति २०७९/०८/१८ र २०७९/०९/१९ गते बसेको नगर शिक्षा समितिको बैठक निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो।

४. खाँदबारी नगरपालिका हाताभित्र संचालित क्यान्टिनलाई थप व्यवस्थित गर्नका लागि आवश्यक रकम विनियोजन गरी कार्य अगाडि बढाउने निर्णय गरियो।

५. वडा समितिको प्रस्तावमा १२औं नगरसभाको बैठकद्वारा पारित योजना तथा कार्यक्रमहरु र नगरसभाबाट स्वीकृत सबै योजना तथा कार्यक्रमहरु संसोधन गर्नका लागि यस बैठकमा पेश भएको प्रस्ताव स्वीकृत गरी मितिः २०७९/०९/३० गते बस्ने नगरसभाको बैठकमा स्वीकृतीका लागि प्रस्ताव पेश गर्ने निर्णय गरियो।

६. नगर शिक्षा समिति र अन्तर्गत बन्ने कार्यदलहरुको बैठक भत्ता र खाजा खर्च नगरपालिकाको स्वीकृत चालु खर्चको मिल्दोजुल्दो शिर्षकबाट व्यहोर्ने निर्णय गरियो।

७. खाँदबारी नगरपालिकाको शिक्षा नियमावली, २०७५ को नियम १० मा देहाय बमोजिम संशोधन तथा थप गर्ने निर्णय गरियो:

**खाँदबारी नगर शिक्षा नियमावली २०७५ मा संशोधन**

| हाल भएको व्यवस्था | संशोधन भएको |
|---|---|
| १०.(४) उपनियम (३) बमोजिम प्राप्त सिफारिस जाँचबुझ गर्दा उपयुक्त देखिएमा नगर शिक्षा समितिले त्यस्तो विद्यालयलाई शैक्षिक गुठी अन्तर्गत सञ्चालन गर्न अनुसूचि (८ बमोजिमको ढाँचामा अनुमति दिनेछ। | १०.(४) उपनियम (३) बमोजिम प्राप्त सिफारिस जाँचबुझ गर्दा उपयुक्त देखिएमा नगरकार्यपालिकाले त्यस्तो विद्यालयको विधान स्वीकृत गरी शैक्षिक गुठीको रुपमा विद्यालय सञ्चालन गर्ने स्वीकृत दिनेछ।<br>**नियम १०.(४) पश्चात् देहायबमोजिम थप गर्ने**<br>(५) उपनियम (४) बमोजिमको निर्णय अनुसार प्रमुख प्रशासकीय अधिकृतले विद्यालय सञ्चालन गर्न अनुसूची-८ बमोजिमको ढाँचामा अनुमति दिनेछ।<br>**१०क.** शैक्षिकगुठी सम्बन्धी अन्य व्यवस्था |

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली २०७४, नियम ५ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित
युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, संखुवासभा, १ नं. प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

**बैठक मिति:** २०७९/०९/२९ **बैठक संख्या: १७**

**बैठक प्रारम्भ समय:** दिनको २:०० बजे **बैठक समापन समय:** बजे

| | |
|---|---|
| | १. शैक्षिक गुठी निजी र सार्वजनिक गरी दुई किसिमले दर्ता गर्न सकिनेछ ।<br>२. शैक्षिक गुठीसम्बन्धी विधानमा देहायका कुराहरू खुलाएको हुनु पर्नेछः<br>(क) विद्यालयको नाम र ठेगाना,<br>(ख) शैक्षिक गुठीका संस्थापकको नाम र ठेगाना,<br>(ग) शैक्षिकगुठीका गुठीयार तथा गुठीयारको मुख्य भई काम गर्ने व्यक्तिको नाम, नियुक्ति प्रकृया र कार्यकाल<br>(घ) गुठीयारको काम, कर्तव्य र अधिकार तथा निजहरूले पाउने सुविधा<br>(ङ) शैक्षिकगुठीमा रहेको घर जग्गा, आम्दानी, ऋण तथा अन्य सम्पत्तिको विवरण<br>(च) आवश्यक अन्य कुराहरू । |

८. खाँदबारी नगरपालिकाको नगर शिक्षा नियमावली, २०७५ को नियम ७, १०क बमोजिमका पूर्वाधार पुरा भई आएकोले हिमालय किरण शैक्षिक गुठीको विधान स्वीकृत गरी सो गुठी अन्तर्गत अरुण भ्याल्ली पब्लिक स्कुललाई सूचीकृत गर्ने निर्णय गरियो ।

**आगामी बैठक आवश्यकतानुसार बस्ने गरी आजको बैठक अन्त्य गरियो ।**

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको [illegible] वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली २०७४, नियम ५ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित
युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत